प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
# सामाजिक विकास मन्त्रालय
## उच्च शिक्षा महाशाखा
धनगढी – कैलाली , नेपाल
२०७४

फोन नं : ०९१-५२५२२०
फ्याक्स नं :०९१-५२७१६८
वेवसाइट : mosd.p7.gov.np
ईमेल: mosdeducation077@gmail.com
: mosdkailali07@gmail.com

पत्र संख्या ०७७/०७८
च.न. ४५६

मिति : २०७७/०६/०७

विषयः- प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

श्री कैलाली बहुमुखी क्याम्पस
धनगढी, कैलाली ।

चालु आर्थिक बर्षमा यस मन्त्रालयको स्वीकृत वार्षिक विकास कार्यक्रमा उल्लिखित **"खुला तथा वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ सञ्चालन गर्न अनलाईन कन्फ्रेन्स हल, ई-लाईब्रेरी व्यवस्थापन तथा सञ्चालन अनुदान"** शीर्षकको क्रियाकलापका लागि तहाँ क्याम्पसलाई रु ५०,००,०००। (अक्षरेपी पचास लाख मात्र) रकम विनियोजन गरिएकोमा उक्त कार्यक्रम कार्यान्वयनका लागि तपसिलका विषयबस्तु स्पष्ट संग खुल्ने गरी यहि मिति २०७७।०६।२१ गते कार्यालय समयभित्र यस मन्त्रालयमा आइपुग्ने गरी प्रस्ताव पेश गर्न हुन निर्णयानुसार अनुरोध छ ।

२०७७/०६/०८

जयदेव महरा
शाखा अधिकृत
शाखा अधिकृत

तपसिलः

१. कन्फ्रेन्स हल व्यवस्थापनको ढाँचा,
२. ई-लाइब्रेरी स्थापनाका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुस्तकालयहरु संग गरिने सम्झौता,
३. ई- लाइब्रेरीमा राखिने पुस्तक तथा पाठ्यसामग्री क्षेत्रगत संख्या,
४. लाभान्वित हुने विद्यार्थी तथा प्राध्यापक संख्या,
५. खुला तथा बैकल्पिक सिकाइका लागि स्पष्ट कार्यढाँचा,
६. बढी भन्दा बढी विद्यार्थीहरुको उच्च शिक्षाको शिक्षण सिकाइमा पहुँच बढाउन जिल्ला स्थित एफ. एम. रेडियोहरु संग समन्वय तथा सम्झौता गरिने प्रतिवद्धता र विषयगत समय तालिका,
७. विद्यार्थीको शिक्षण सिकाइमा सहयोगका लागि नेपाल टेलिकम तथा अन्य दूर सञ्चार सेवा प्रदायक संस्था संग विद्यार्थी सहुलियत डाटा प्याकेज उपलब्ध गराउन सहकार्य, सम्भाव्यता र अनुमानित लागत,
८. इन्टरनेटको प्रयोग गरी शिक्षण सिकाइ गर्ने कार्यढाँचा । YouTube, Zoom, Google Meet वा अन्य,
९. शिक्षण नोटहरु विद्यार्थीको पहुँचमा पुऱ्याउने, विद्यार्थीका गृहकार्यहरु अपलोड गर्ने, पृष्ठपोषण दिने र भर्चुअल कक्षाका अडियो तथा भिडियोहरु अफलाईन अध्ययनका लागि विद्यार्थीलाई उपलब्ध गराउने, भर्चुअल कक्षाको सेवा लिने संकायगत/विषयगत/शैक्षिक संस्थागत विद्यार्थी संख्या आदि समेटिएको ठोस कार्यढाँचा ।